ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY



जलिय पर्यवरणकालागि कछुवा

❑ वर्ष-११ ❑ अङ्क-१४, २०७६ साउन ३२ गते, शनिबार (Aug. 17, 2019 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या: ६

# कोसी टप्पु क्षेत्रमा 'एन्थ्रेक्स'को जीवाणु फेला परेकै हो त ?



फत्तेपुर / सुनसरी, सिमानामा पर्ने कोशीटप्पु वन्यजन्तु आरक्षको चरनक्षेत्रमा प्राणघातक रोग एन्थ्रेक्सको जीवाणु फेला परेको चिकित्सकले जनाएका छन् । केही दिन अघि ४४ वटा गाईगोरु एकै चोटी मरेको फेला परेका थिए । आरक्षको घाँसे मैदानमा मरेका ती चौपायाको रगतको नमूना परीक्षण गर्दा एन्थ्रेक्सको जीवाणु फेला परेको पशुपंछी रोग अन्वेषण प्रयोगशाला विराटनगरका डा.सञ्जयकुमार यादवले जानकारी दिए ।

यादवले आरक्षक्षेत्रमा मरेका चौपायाको रगतको नमूना परीक्षणका क्रममा स्वाइल वर्न डिजिज 'एन्थ्रेक्स'को जीवाणु फेला परेको बताए ।

वराहक्षेत्र नगरपालिका ९ स्थित कोसी टप्पुको श्रीलंका टापुको संरक्षित क्षेत्रमा गत बिहीबार एकसाथ २८ वटा गाई र १६ वटा गोरु परेका थिए । वडा नं ९ का वडा अध्यक्ष दिपक लिम्बुको पहलमा मरेका चौपायाको लक्षणका आधारमा सो क्षेत्रमा खटिएको पशु चिकित्सकको टोलीले एन्थ्रेक्सको आशंका गरि ल्यावमा परिक्षणको लागि रगत लगिएको थियो ।

उक्त रिपोर्ट केन्द्रीय ल्याव काठमाडौं पनि पठाइएको छ । केन्द्रको निर्देशन अनुसार जनचेतनाका लागि आवश्यक कदम चालिने उनले जनाएका छन् ।

प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले वराहक्षेत्र नगरपालिका प्रमुखसहित आरक्षको कार्यालय र सम्बन्धित निकाय तथा सरोकारवालाहरूसँग समन्वय गरी सचेतनाका कार्यक्रमा थालिएको बताए ।

प्रजिअ राउतका अनुसार आइतबार राष्ट्रिय बन्यजन्तु व्यवस्थापन विभागका महानिर्देशक, आरक्षणका वार्डे, पशु चिकित्सकहरुको टोली त्यस क्षेत्रमा गई औषधी छर्कने काम भएको छ । छ वटा मध्यवर्ती क्षेत्रका अध्यक्षहरुलाई भेला पारी चरण क्षेत्रमा गाईबस्तु नछाड्न आग्रह समेत गरिएको प्रजिअ राउतले

बाँकी अन्तिम पृष्ठमा

## विष प्रयोग गरेको अनुमान

श्रीलङ्का टप्पुमा मृत फेला परेका ४४ गाईवस्तुको बारेमा विराटनगरस्थित पशुपन्छी रोग अन्वेषणशालाको प्रारम्भिक रिपोर्टमा एन्थ्रेक्स देखापरेको बताइरहेको बेला कोशीटप्पु वन्यजन्तु आरक्षले भने कसैले विष प्रयोग गरेको अनुमान गरेको छ ।

आरक्षको मध्यवतीक्षेत्रमा पर्ने वराहक्षेत्र ९ र ६ वडाको बीचमा पर्ने श्रीलङ्का टप्पुमा गत बिहीबार ४४ वटा गाईगोरु मृत भेटिएका थिए । पशुपन्छी रोग अन्वेषणशालाले मृत

बाँकी ४ पृष्ठमा

# इतिहासविद् तथा अनुसन्धाता दास रहेनन



फत्तेपुर / इतिहासविद् तथा अनुसन्धाता हरिकान्तलाल दासको ७८ वर्षको उमेरमा सोमबार सप्तरीको राजविराजस्थित निवासमा निधन भएको छ ।

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका अवकाशप्राप्त इतिहास तथा संस्कृति विभाग प्रमुख सहप्राध्यापक दासको निधन

बाँकी चार पृष्ठमा

बालबालिका माथि हिंसा, दुर्व्यवहार भएको घटना लुकाउनु भनेको बालबालिकालाई अझ बढी जोखिममा पार्नु हो । तुरुन्त उजुरी गरौं, बालबालिकाको संरक्षण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरु:
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. बद्रीप्रसाद भट्टराई
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६ गते

स्पोर्ट सेवाहरु:
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार गरिन्छ ।

एम्बुलेन्स सम्पर्क: ९८५२८५५११२




नोट: प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा सेवा उपलब्द रहेको छ ।

माता मनकामना पोलिक्लिनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२ र ९८५२८५५११२

**कोसी . . .**

बताए ।

आरक्षमा चरिचरनका क्रममा मरेका पशुमा एन्थ्रेक्सको जीवाणु भेटिएकाले सावधानीसहित रोकथामको प्रयास थालिएको वडा अध्यक्ष दिपक लिम्बुले बताए ।

**के हो एन्थ्रेक्स**

डा. सञ्जयकुमार यादवका अनुसार एन्थ्रेक्स जेनेटिक डिजिज भएकाले पशुबाट पशु र मानिसमा समेत सर्न सक्छ । रोग लागेको मानिसको बेलैमा उपचार नभए रोगले ज्यानै लिन सक्ने भएकाले उच्च सावधानी अपनाउनु पर्ने हुन्छ । माटो, हावा र पानीबाट सहजै सर्ने रोग भएकाले आरक्षभित्र रहेका सबै पशुमा तत्कालै भ्याक्सिन लगाउनु जरुरी रहेको डा. यादवको भनाई छ ।

एन्थ्रेक्सको जीवाणु माटोमा १० देखि २० वर्षसम्म बाँच्न सक्ने भएकाले समेत जङ्गली जनावरहरूमा रोगको उच्च जोखिम रहेको पशु चिकित्सकहरूको भनाई छ ।

जीवाणुयुक्त जमिनमा भएको घाँसको तल्लो भागसम्मै खाने जनावरमा बढी मात्रामा तत्कालै भाइरस फैलन्छ । मानवमा भने मरेका जनावरको सिनो छुँदा, श्वास लिँदा, घाउखटिरा भएकाहरूमा हावा र पानीको माध्यमबाट र सङ्क्रमित क्षेत्रको सागपात तथा फलफूल राम्ररी नपखाली खाँदा एन्थ्रेक्सको जीवाणु सहजै मानव शरीरमा पुग्ने गर्छ ।

एन्थ्रेक्स भाइरस बायो टेरेरिजम अट्याकका क्रममा प्रयोगमा ल्याउने गरेको पाइएकाले समेत निकै खतरनाक रहेको विज्ञहरुले बताएका छन् ।

**लक्षण**

सङ्क्रमणपश्चात जनावरमा उच्च ज्वरो आउने र हर्टअट्याक(हृदयाघात) भई एक्कासि मृत्यु हुने गर्छ । पूर्वलक्षण विरलै देखापर्ने भएकाले चौपाया मरेपछि मात्र नाक, मुख, कान र मलद्वारबाट रगत निस्किने गर्छ ।

यो रोग दक्षिण भारत हुदै उत्तर भारतका राज्य फैलिएको पाईन्छ । पछिल्लो बर्ष आद्र प्रदेश, जम्मुकास्मिर, तमिल नाडु, उडिसा, कर्नाटकमा फैलिउको थियो । सन् २०१४ मा एकिकृत रोग निगरानी कार्यक्रम र राष्ट्रिय रोग नियन्त्रण केन्द्र दिल्लीले एडथेक्सको प्रकोपबारे सर्व साधारणलाईए सूचना जारी गरेको थियो ।

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल, मोटरसाइकल, गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ र मौकाको फाईदा उठाउनु होला र



IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै

प्रो.केदार श्रेष्ठ

माता मनकामना इन्टरप्राइजेज सप्तकोसी -१, फत्तेपुर

०३१-५५०१०६, ९८०७७७३८९१, ९८५२८२१२९१

सम्पूर्ण कपडाको लागी सदैव सम्झनुस्

हाम्रा सेवाहरुः

यहाँ विभिन्न ब्रान्डका स्वदेशी बिदेशी रेडिमेट कपडा, थान कपडा, बिहे बर्तबन्ध लगायत का लागी दौरा सुरुवाल कोट पेन्ट, कुर्ता सुरुवाल, लेहङ्गा, ट्प्स लेडिज गाउनलगायतका सामान हरु सुफत मुल्यमा उपलब्ध गराइन्छ।

जेके स्टोर सप्तकोसी १ फत्तेपुर

नयाँ बजार छिर्ने मोड, सम्पर्क ९८१९९२८३६३







CTEVT बाट मान्यता प्राप्त

पाथीभरा टेक्निकल कलेज

इटहरीमा

भर्ना खुल्यो



१८ महिने कोर्षहरु

सिभिल सवओभरसियर | इलेक्ट्रिकल सवओभरसियर | सामाजिक परिचालक

फारम भर्ने अन्तिम मिति २०७६ साउन १५ सम्म प्रवेश परीक्षा :– २०७६ साउन २५ गते

हाम्रो विशेषताहरु : –विगतमा उत्कृष्ट परिणाम ल्याउन सफल–अनुभवि पेशाकर्मिद्वारा व्यवस्थापन –अनुभवी शिक्षकबाट अध्यापन –अडियो भिडियो कक्षा – प्रयोगात्मक कक्षा – शैक्षिक भ्रमण –कमजोर विद्यार्थीलाई थप कक्षा –नियमित परामर्श –अध्ययन पछाडी रोजगारीको लागि सहजीकरण –नियमित प्रोत्साहन छात्रावृति –होस्टेलको सुविधा –आफ्नै क्यान्टिन भएको ।

SEE मा C र D ग्रेड ल्याउनेले समेत फारम भर्न पाउनेछन् ।

इटहरी पूर्वबस स्टेण्ड, शिशिर टोल, तालतलैया जानेबाटो फोन नं. ०२५–५८०२५१, ९८४२१४८७४५

**प्रमुख सल्लाहकार**: डा.महेन्द्र विष्ट, **सल्लाहकार**: प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार शाखा प्रमुखः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्कः ९८०३८१९७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण**: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

## प्रकाशकीय...........

### प्रदेश २ सरकारको सम्पृद्धिको योजना

प्रदेश सरकारको समन्वयमा अगामी तीन वर्षभित्र प्रदेश नम्वर २ का ४२ हजार युवा रोजगारयुक्त हुने गरि केही सेवाप्रादायक संस्थाहरुसँग शुक्रबार गरिएको सम्झौताले प्रदेश २ को सम्वृद्धिको संकेत गरेको छ । प्रदेश सरकार , डिफिड र सेवा प्रदायक ६ वटा संस्थाविच प्रदेशमा रहेको बेरोजगारीको समस्यालाई क्रमशः समाधान गर्दै प्रदेश सरकारको लक्ष्य अनुरूप बेरोजगार युवाहरुलाई सीप प्रदान गर्दै रोजगारी उपलब्ध गराउने अथवा स्वरोजगार बनाउने सम्झौता आफैमा सहत्वपूर्ण कुरा हो ।

प्रभु बैंकले आगामी तीन वर्षभित्र बैदेशिक रोजगारमा जाने सात हजा पाँच सय युवालाई विना धितो सहुलियत ऋण उपलब्ध गराउने, वैदेशिक रोजगारीमा गएका मध्ये तीन हजार पाँच सय परिवारका महिलालाई स्वरोजगार बन्न १० लाख विना धितो सहुलियत ऋण उपलब्ध गराउने र वैदेशिक रोजगारीबाट फर्केका युवामध्ये चार हजारलाई सीप अनुसारको स्वरोजगार बन्न १५ लाखसम्म विना धितो सहुलियत ऋण उपलब्ध गराउने जुन सम्झौता भएको छ यसले युवाहरुलाई श्रम गरेर खान हौसाएको छ । यस्तै नेपाल एसबीआई बैंक, मेरो जब्स, मोरङ्ग अटो वर्क्स, लगायत रोजगारदाता संस्थाहरुले प्रदेश २ को सम्वृद्धिका लागि नयाँ परियोजना संचालन गर्ने कुराले अव प्रदेश २ का बेरोजगार युवाहरु श्रम गरेर आम्दानीको बाटोमा लाग्ने आरवा गर्न सकिन्छ ।

सेवा प्रदायक संस्थाहरुलाई प्रदेश सरकारले सहयोग गर्ने भएको छ । सरकारले सहयोग गरे पछि सेवा प्रदायक संस्थाले जुन प्रतिवद्धता ब्यक्त गरेका छन्, त्यो कागजी प्रतिवद्धता हुन दिनु हुदैंन । रोजगार बनाएको कागजी तथ्याङ्क देखाएर संस्थाहरुले प्रदेश सरकारबाट फाइदा लिने विषयमा सरकार, सरोकारवालाहरु सचेत हुनु पर्दछ ।

# प्राकृतिक प्रकोपको क्षति न्यूनीकरणमा अनुद्दार सरकार

संगीता रेग्मी

केही दिनदेखिको अविरल वर्षाका कारण प्रदेश २ मा चार दर्जनभन्दा बढीले ज्यान गुमाए भने विभिन्न स्थानहरू डुवानमा परे । त्यस्तै ७ वटा क्षेत्र प्रभावित रहेका छन् भने १ लाख १८ हजार १ सय ४ वटा घर प्रभावित भएका छन् । प्रभावित हुने घरसंख्या १३ हजार ४४ रहेका छन् भने ६ लाख ७९ हजार ३ सय १५ जना बाढीबाट प्रत्यक्ष प्रभावित भएका छन् । त्यस्तै ३ हजार ५ सय ७४ घर पूर्णरूपमा क्षति भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । यसपटक प्रदेश २ मा बाढीले मनसुनको सुरूवातमै वितण्ढा मच्चाएको छ । मनसुन अहिले जारी नै छ र आउने दिनमा बाढीको प्रकोप झन् बढेर गएको छ । मनसुनकै सुरूमै देशले भोगेको यो पीडाबाट अहिले पनि प्रदेश सरकारहरूले पाठ सिक्न सकेको छैन । बाढी अघिको पूर्वतयारीका बारेमा प्रदेश २ को सरकार अनभिज्ञ होला मान्न सकिदैन तर पनि उसको पूर्वतयारी तर्फ ध्यान जान सकेन ।

आफनै प्रदेशका जनताहरू डुबानमा पर्न सक्ने विषयमा प्रदेश सरकार के गरेर बस्यो ? किन उसले बाढी आउनु अघि पूर्वतयारीका लागि सक्रियता देखाएन भन्ने जस्ता गम्भीर प्रश्नहरू प्रदेश २ का मुख्यमन्त्रीसमक्ष तेर्सिएको छ । यस्तै गम्भीर प्रश्न मधेशी नेताहरूमाथि पनि उठेको छ । मधेश डुबानमा परेका बेला सिंहदरबारको बैठकमा रमाउने मधेशी नेताहरू डुबानको समस्या कम हुँदै गएको जानकारी पाएपछि मात्र जम्बो टोलीमार्फत 'हवाई निरीक्षण'लाई आफनो उपलब्धी ठानेका छन् । आफ्ना मतदाता डुबानमा पर्दा मधेशी नेताले राहत त परै जाओस् दु::खसमेत व्यक्त गरेका छैनन् । राजपा र समाजवादी पार्टीको आकस्मिक बैठक किन बसेन ? उसले राहत, उद्धार र पुनर्स्थापनाका लागि प्रदेश र केन्द्र सरकारसँग किन माग गर्न सकेको छैन । अविरल वर्षाले मधेशका भएको क्षतिको अनुगनमका लागि भन्दै मन्त्री र नेताहरूको टोली 'मर्निङ वाक'मा गए जस्तो हतार(हतार फर्किए । उनीहरूलाई त्यहाँका गइदिएर आफ्नो जिम्मेवारी पूरा भएको सम्झिएर काठमाडौं फर्किए ।

बाढी प्रभावितको अवस्था बुझ्न तथा अनुगमनका लागि भन्दै 'हवाई निरीक्षण' मा पुगेको टोलीमा पूर्वप्रधानमन्त्री माधव नेपाल, उपप्रधानमन्त्री यादव, गृहमन्त्री रामबहादुर थापा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, ऊर्जा तथा जलस्रोतमन्त्री वर्षमान पुनलगायत थिए । पीडितहरू काठमाडौंबाट आएको उच्चस्तरीय सरकारी प्रतिनिधिमण्डसँग भेटेर आफ्नो पीडा सुनाउन चाहन्थे । तर, आश्वासन बाँड्नेबाहेक उनीहरूले केही पनि गरेनन् । यसले पीडितहरूको मन दुखाउने काम मात्र गऱ्यो । यसबाहेक स्थानीय स्तरबाट पनि पीडितले राहतका नाममा चाउचाउ, बिस्कुट र पालबाहेक अरू केही पाएका छैनन् । पीडितका कुरै नसुनी, दु:खै नबुझी निरीक्षणको गर्नु भनेको जनताको घाउमा मलम लगाउनु होइन ।

विपद् सुरू भएपछि मात्र प्रदेश सरकारले बाढी तथा डुबान प्रभावित क्षेत्रमा बासिन्दाका लागि राहत तथा उद्धारमा सक्रिय भएको छ । तर पनि राहतको काम प्रभावकारी हुन सकिरहेको छैन । वर्षका ११ महिना निदाएको प्रदेश सरकार भर्खर ब्युँझिएको छ । प्रदेश सरकारसँग पनि बाढी तथा डुबान पीडितका लागि ठोस पुन:स्थापनाका कार्यक्रमहरू छैनन् । यसका लागि न कुनै स्थायी प्रकृतिको निकाय छ, न त भएका निकायहरूमा नै कुनै अधिकार प्रत्योजित नै गरिएको छ । तत्काललाई टालटुले ढंगले केही रकमको राहत बाँडेर सरकारले आफ्नो दायित्व पूरा गरिरहेको छ । वास्तवमा प्राकृतिक प्रकोपको तत्काल उद्धार र पुन:स्थापनामा स्थानीय र प्रदेश सकारले मुख्य भूमिका निर्वाह गर्नुपर्छ । तर, विडम्बना स्थानीय र प्रदेशका जनप्रतिनिधिले पनि आफ्नो भूमिका निर्वाह गर्नुभन्दा केन्द्रको मुख ताकिरहेको देखिएको छ ।

संविधानप्रदत्त अधिकारसमेत पाएर स्थानीय र प्रदेश सरकारले काम थाल्नासाथ यसै वर्ष आइपरेको प्राकृतिक विपद्मा अब कसरी काम गर्ने भन्ने आधार पनि दिएको छ । तत्कालीन उद्धार र नाममात्रको राहत बाँडेपछि प्राकृतिक प्रकोप पीडितका लागि आफ्नो दायित्व पूरा भएको भन्ने गलत मनोवृत्ति हाबी छ । जबकि प्रकोपपीडितलाई उनीहरूको जीविकोपार्जनका लागिसमेत उपयुक्त ढंगले पुन:स्थापना गर्ने काम पहिलो दायित्वभित्र हुनुपर्छ । प्रदेश र स्थानीय सरकारले कम्तीमा यसलाई टेकेर आफ्नो अधिकार र दायित्वअनुसारको कार्य अघि बढाउने हो भने आउँदो वर्षदेखि प्रकोपबाट हुने क्षति कम गर्न सकिन्छ । मधेशका ठूला नदी र बर्खे खोलामा बाढी आएपछि करीब दुईतिहाई जनसंख्या कष्टकर दैनिकी झेल्न बाध्य छन् । शहरी क्षेत्रमा नै अव्यवस्थित रूपमा निर्माण गरिएका घर तथा भवनका कारण बाढीको वितण्डालाई थप बल पुगेको छ ।

बाढीको कारण अहिले भारतलाई दिइँदै छ । तर, यसको वास्तविक कारण पछिल्लो दश वर्षमा मधेशको भूभागमा कति घर थपिए र कसरी बनाइए? यो नै बाढीको मुख्य कारक हो ।

यता, बाढी प्रभावित क्षेत्रका नागरिकको स्वास्थ्य उपचारको लागि यूनिसेफको सहयोगमा झण्डै १० हजार नागरिकलाई पुग्ने आवश्यक औषधी पठाइएको छ । यो औषधी रौतहट, सर्लाही र सिरहा क्षेत्रको लागि पठाइएको हो । बाढी प्रभावित क्षेत्रमा झाडापखाला, सर्पदंश ,रूघाखोकी, ज्वाँरो, डेङगूको लागि आवश्यक औषधीहरू रहेका छन् । *(मधेश दर्पण)*



# स्वच्छ जलिय पर्यवरणकालागि कछुवा

दिव्यराज दाहाल



कछुवाहरु अनौठा किसिमका सरिसृपहरु हुन् । यिनीहरुलाई त्भकतगमष्लभक (टेस्टयुडिन्स) भन्ने सरिसृपको एक वर्गमा राखिएको छ । यसको अर्थ जिउलाई हाडका खवेटा वा कुरकुरे हाडका खवेटाहरुले ढाकेको भन्ने अर्थ लाग्दछ । विश्वको परिप्रेक्षमा हेर्ने हो भने करिब तिनसय प्रजातीका कछुवाहरु नुननभएको पानी यसका छेउछाउ आस्रित रहने गरेका छन् । जसमध्ये धेरै प्रजातीका कछुवाहरु जलिय जविन विताउछन् भने केही प्रजातीका कछुवाहरु उमयचर (पानी र जमिन दुवै प्रयोग गर्ने) किसिमका हुन्छन् तर थोरै प्रजातीका कछुवाहरु चाहि जमिनमा बस्ने गर्दछन् । नेपालको परिपेक्षलाई हेर्दा, सोह्र प्रजातीका कछुवाहरु मध्ये पन्ध्र प्रजातीका कछुवाहरु पानीमा कुनै न कुनै किसिमले आस्रित रहेका छन् भने एक प्रजातीको कछुवा (सुनकछुवा) जमिनमा बस्ने गर्दछ । यो कछुवालाई अति सङ्कटापन्न प्रजातीको रुपमा सुचिकृत गरिएको छ ।

**जलिय पर्यावरणका लागि कछुवाको महत्व :**

धेरै प्रजातिका कछुवाहरु जलस्रोतसँग सम्बन्धित हुने भएका कारण जलिय पर्यावरणका लागि यिनीहरु अतिनै महत्वपूर्ण उपभोक्ताहरु हुन् । किनभने प्राय: कछुवाहरुले पानीमा भएका सडेगलेका जैविक वस्तुहरु, सङ्खेकिरा, विभिन्न किसिमका जुकाहरु, गड्यौला, पानीमा उम्रिएका झारपात जस्ता वस्तुहरु खाने गर्दछन् । यसका अलावा कछुवाहरुले पानीलाई प्रदुशित गर्ने तत्वहरुलाई पनि खानाको रुपमा प्रयोग गर्दछन् । त्यसैकारणले यिनीहरुलाई पानीका स्रोतहरुको प्राकृतिक कुचिकारका रुपमा पनि व्याख्या गर्ने गरिन्छ त्यसैकारणले यिनीहरुलाई पानीका स्रोतहरुको प्राकृतिक कुचिकारका रुपमा पनि व्याख्या गर्ने गरिन्छ । यसैगरेर यिनीहरुले किराका लार्भा, फुल, स(साना माछाहरु लगायत अन्य जलिय जिव तथा बनस्पति हरुलाई खाने गर्दछन् । यसरी पानीमा रहेका बनस्पती र आफूभन्दा साना जिवहरुलाई खानामा प्रयोग गर्ने भएका कारण यसलाई महत्वपूर्ण उपभोक्ताको रुपमा, जलिय परिस्थीतिक प्रणालीमा हेर्ने गरिन्छ । यसैकारण स्वच्छ जलिय परिस्थीतिक प्रणालीलाई कायम गर्नको लागि कछुवाहरुको महत्वपूर्ण भूमिका रहेको छ ।

**कछुवाको जनसङ्ख्या घट्नुका कारणहरु :**

जलिय परिस्थितिक प्रणालीकालागि कछुवाहरु महत्वपूर्ण सदस्य भएतापनि विभिन्न कारणहरु जस्तै सिमसार क्षेत्रहरुको विनास, चोरी सिकार, अवैध व्यपारिकरण, जलस्रोतमा विसादीको प्रयोग, जलप्रदुसण, उचित प्रजनन् क्षेत्रको अभाव जस्ता कारणले विश्वमानै कछुवाहरुको जनसङ्ख्या दिनानुदिन घटिरहेको छ । क्रमिकरुपमा यिनीहरुको जनसङ्ख्यामा भएको गिरावटका कारण विश्वमा करिव चौविस प्रजातिका कछुवाहरु लोप भइसकेका छन् भने कयौं प्रजातीहरु लोपहुने अवस्थामा पुगेका छन् । नेपालको परिप्रेक्षलाई हेर्दा कछुवाको सङ्ख्या र प्रजनन् दर दिनानुदिन घटिरहेको छ ।

**कछुवा संरक्षणका उपायहरु :**

सिमसार साथै अन्य जलस्रोतहरुको संरक्षण कछुवा संरक्षणको महत्वपुर्ण उपाय हो । यसका अलावा, विषादीको नियन्त्रण, जलप्रदुसणमा न्यूनिकरण, चोरी सिकारि र व्यापारिकरणलाई न्यूनिकरण जस्ता कार्यहरुलाई अभियानका रुपमा संचालन गर्नु अर्को महत्वपुर्ण संरक्षणको उपाय हो । यसका साथै विभिन्न लोपउन्मुख प्रजातीका कछुवाहरुलाई कृत्रिम प्रजनन् केन्द्रमा प्रजनन् गराई प्राकृतिक वासास्थानमा स्थानान्तरण गर्नु पनि अर्को आवश्यकता रहेको छ ।

*लेखक : वन्यजन्तु तथा पशुपन्छि अनुसन्धानकर्ता हुन् ।*

# तरकारी र फलफूलमा विषादीको प्रभाव कम गर्ने घरेलु उपाय



आयातित मात्रै नभई नेपालभित्रै उत्पादन हुने तरकारी र फलफूलमा पनि विभिन्न विषादीका अवशेष हानिकारक तहमा रहेका विभिन्न अध्ययनहरूले देखाएका छन। त्यस्ता विषादीको प्रभावबाट जोगिन घरभित्रै के गर्न सकिन्छ ?

पहिलोः वेगले खस्ने धाराको पानीमा तरकारी वा फलफूललाई तीनपटक सम्म राम्ररी पखाल्यो भने त्यसमा रहेको विषादी पखालिएर जान्छ। ५० देखि ६० प्रतिशत विषादी त्यसरी धारामा पखाल्दा बगेर जान्छ ।

दोस्रोः अझै बढी विषादीलाई हटाउनु छ भने एक चम्चा नुन एक लिटर पानीमा राख्ने र त्यसमा १० देखि १५ मिनेटसम्म तरकारी या फलफूललाई डुबाएर राख्ने। त्यसपछि निकालेर पखाल्दा ६० देखि ७० प्रतिशतसम्म विषादी हट्छ। नुन प्रयोग नगर्ने हो भने त्यसको सट्टा भिनेगर र पानीमा तरकारी या फलफूललाई डुबाउँदा पनि हुन्छ ।

तेश्रोः अझै बढी विषादी हटाउने हो भने हामीले तरकारी वा फलफूलको बाहिरको बोक्रा छोडाउनुपर्छ। धेरैजसो विषादीका अवशेष बाहिरी भागमै हुने गर्छ।

बोक्रा छिल्ने वा नखाने गर्नुपर्छ। उदाहरणको लागि बन्दाकोभी छ भने माथिको दुई तीन पत्र नै हटाउनुपर्छ। त्यो हटायो भने पनि विषादीको प्रभाव धेरै कम हुन्छ ।

स्याउको पनि बाहिरको बोक्रा छोडाउन सकिन्छ। चिकित्सकहरूले कतिपय फलफूलका बोक्रामा शरीरलाई फाइदा पुर्‍याउने रेशाहरू हुन्छन् भन्ने गर्छन तर विषादी खाने कि नखाने भन्ने निर्णय चाहिँ हामी आफैँले गर्नुपर्छ।

चौथोः एकै प्रकारका फलफूल वा तरकारी खानु हुँदैन किनभने त्यसले विषादीको जोखिम बढाउँछ। खासगरि बेमौसमी फलफूल र तरकारीमा अलि बढी विषादी मिसिएको हुन्छ। हामीले मौसमी फलफूल र तरकारी खान जोड गर्नुपर्छ । *स्वास्थ्य खवरबाट*

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)**
तर्क, विवाद र प्रतिस्पर्धामा सफलता प्राप्त होला । आत्मानुसाशित भई काममा लाग्नुहोला ।

**वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
एक पछि अर्को अवसर आउनाले मन प्रसन्न रहला । व्यापार–व्यवसायमा राम्रै लाभ होला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** आधुनिक हात–हतियारको व्यापार–व्यवसायको लगानीमा नास हुने देखिन्छ । प्रेम पक्ष राम्रोछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
धातु सम्बन्धी व्यापारमा राम्रै आम्दानी हुनेछ । औधोगिक स्थानको भ्रमण हुने देखिन्छ । आशावादी भएर कार्य गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
खेति, किसान वा कृषिकार्य गर्नेहरुका लागि आजको दिन उत्तम देखिन्छ । प्रेमी–प्रेमिकाका बीच मनमुटाव सुरु हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
दैनिक कामहरुमा बाधा अड्चन देखा पर्नेछ । अध्ययन–अध्यापन क्षेत्रमा लगनशील हुनुहोला । परीक्षाफल आउने देखिन्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
सहकर्मिबाट विरोध हुनेछ । विपरित लिङ्गीको सहयोग प्राप्त हुनेछ । नयाँ–नयाँ कुरा बन्नेछ ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
आफ्नो प्रतिफबाद अरुले फाइदा उठाउन सक्छन् । आर्थिक लेनदेनमा अति होसियार रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
अध्ययनमा प्रगति हुनेछ । सुखद समाचारले उमङ्ग जगाउनेछ । वुद्धिले काम चिताएको योजना बन्नेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
विशेष भेटघाटले काममा उत्साह बनाउला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन समिनेछ । किर्तिमानी काम गर्ने समय छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
पछिका लागि केही वस्तु त्याग्नुपर्ला । दोहोऱ्याएर प्रयतन गरेमा रोकिएको काम बन्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
अरुलाई प्रभावित पारेर काम बनाउने समय छ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ ।



**विष ........**

श्रीलङ्का टप्पुमा मृत फेला परेका ४४ गाईवस्तुको बारेमा विराटनगरस्थित पशुपन्छी रोग अन्वेषणशालाको प्रारम्भिक रिपोर्टमा एन्थ्रेक्स देखापरेको बताइरहेको बेला कोशीटप्पु वन्यजन्तु आरक्षले भने कसैले विष प्रयोग गरेको अनुमान गरेको छ ।

आरक्षको मध्यवतीक्षेत्रमा पर्ने वराहक्षेत्र ९ र ६ वडाको बीचमा पर्ने श्रीलङ्का टप्पुमा गत बिहीबार ४४ वटा गाईगोरु मृत भेटिएका थिए । पशुपन्छी रोग अन्वेषणशालाले मृत गाइगोरुको रगतमा प्राणघातक जीवाणु एन्थ्रेक्स ब्याक्टेरिया देखिएको जनाएको थियो ।

तर आरक्ष प्रशासनले एन्थ्रेक्स सङ्क्रमण नभएर कसैले विष प्रयोग गरेर गाईवस्तु मारेको भनेपछि अब केन्द्रीय प्रयोगशालाको रिपोर्ट पर्खिनु पर्ने भएको छ । केन्द्रीय प्रयोगशालाका चिकित्सक डा। प्रज्ञा कोइरालाले विस्तृत रिपोर्ट बिहीबारमात्र आउने बताइन् । उनले मरेका गाईवस्तुको रगतको परीक्षण भइरहेको तर एन्थ्रेक्स हो, होइन भन्नका लागि पिसिआर रिपोर्ट नै पर्खिनु पर्ने बताइन । आरक्ष प्रमुख रामदेव चौधरीले कोशी टप्पुको मध्यवती क्षेत्रमा एन्थ्रेक्स जीवाणुले गाईगोरु मरेका भए त्यही ठाउँमा चरिरहेका अरु गाईगोरु मर्नुपर्ने तर्क गरे । उनले भने, 'एन्थ्रेक्स सङ्क्रमणले गाईगोरु मरेको भएको भए अरु चौपाया पनि मर्नुपर्ने थियो । कसैले विष दिएर मारेको हुनसक्ने अनुमान मध्यवतीका स्थानीय बासिन्दाले पनि गरेका छन । श्रीलङ्का टप्पुमा मरेका गाईवस्तुको शारीरिक लक्षण र रगत जाँचको प्रारम्भिक रिपोर्टमा एन्थ्रेक्स जीवाणु देखिएको पशुपन्छी रोग अन्वेषणशालाका चिकित्सक डा। सञ्जय यादवले बताएका थिए । वराहक्षेत्र नगरपालिका-९ का वडाध्यक्ष दीपक लिम्बूले गाईगोरुलाई विष दिएर मारेको भन्ने कुरामा विश्वासिलो तर्क नभएको बताए । उनले केन्द्रीय प्रयोगशालाबाट आउने रिपोर्टको मात्र विश्वास गर्ने बताए । कोशी गाउँपालिकाका अध्यक्ष अयुव अन्सारीले ती गाईगोरुलाई विष नदिएर एन्थ्रेक्स जीवाणु सङ्क्रमण भएरै मरेको बताए । उनले आरक्ष प्रशासनले एन्थ्रेक्स जीवाणुको सङ्क्रमण बारे सही सूचना लुकाइरहेको आरोपसमेत लगाए । उनले आरक्षको मध्यवती क्षेत्रका गाईगोरु मृत फेला परेपछि स्थानीय बासिन्दामा थप त्रास फैलिएको बताए । केन्द्रीय प्रविधि क्याम्पस हात्तीसारका माइक्रोबायोलोजी विभाग प्रमुख धीरेन लिम्बूले लामो समयसम्म खाना नपाउँदा पनि बाँच्न सक्ने र उच्च तथा कम तापक्रम, उच्च तथा न्यून अम्ल र क्षारमा पनि सहजै रहने घातक जीवाणु नै बेसिलस एन्थ्रेक्स भएको बताए । त्यसैका कारण मृत्यु भएको हुनसक्ने उनको भनाइ छ ।

**इतिहासविद् ....**

भएको उहाँका भाइ प्राध्यापक जुगेश्वरलाल दासले जानकारी दिनुभयो । त्रिभुवन विश्वविद्यालयमा ३६ वर्षसम्म सेवा गरी अवकाश जीवनयापन गर्दै आउनुभएका दास विगत केही वर्षदेखि मुटु तथा मधुमेहलगायतका रोगबाट ग्रसित हुनुहुन्थ्यो ।

श्री लूनकरणदास गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा विसं २०७४ वैशाख २७ गते इतिहास शिरोमणि बाबुराम आचार्य शोधसम्मानले सम्मानित दासलाई संस्कृति क्षेत्रमा उत्कृष्ट योगदान गरेवापत २०७४ पुस ११ गते १५औँ अन्तर्राष्ट्रिय मैथिली सम्मेलनमा मिथिला रत्न उपाधिबाट सम्मानित गरिएको थियो । त्रिभुवन विश्वविद्यालयबाट विसं २०४८ मा सम्मानित दास युनिभर्सल पिस फेडरेशनबाट सन् २०१५ मा शान्तिदूत र मैथिली साहित्य परिषद्बाट विसं २०६९ मा शिवदत्त स्मृति पुरस्कारबाट पुरस्कृत हुनुभएको थियो । गहन अध्ययन-अनुसन्धान एवं शोध तथा कृति प्रकाशन गरेवापत दासलाई एक दर्जनभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित गरिएको उहाँका भाइ जुगेश्वरलाल दासले बताउनुभएको छ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विसं २०६० मा दासको 'सप्तरी जिल्लाका प्रमुख सांस्कृतिक स्थलहरु : एक अध्ययन र साझा प्रकाशनबाट विसं २०६७ मा 'सप्तरी जिल्लाका प्रमुख ऐतिहासिक गढीहरु नामक पुस्तक प्रकाशित छन् । ऐतिहासिक गढीहरुका अतिरिक्त प्राचीन विदेह, सिम्रौनगढ, सेनवंशी शासनकाललगायतका विषयमा दासको अध्ययन अनुसन्धान तथा शोधहरु पूर्णिमा, वाणी, आँगनलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित छन् । उहाँको कक्षा १० को मैथिली विषयको पाठ्यपुस्तकमा 'प्राचीन विदेह पाठ समावेश गरिएको छ ।

सप्तरीका साथै मिथिला क्षेत्रको धार्मिक, ऐतिहासिक एवं प्राचीन इतिहासबारे गहन अध्ययन अनुसन्धान गर्नुभएका उहाँको विसं २०५८ मा पहिलो कृतिको रूपमा 'सप्तरीको राजनीतिक इतिहास एवं प्रमुख धार्मिकस्थलहरु लगायत आधा दर्जन पुस्तक प्रकाशित छन् ।

पिता जयनारायणलाल दास 'बच्चाबाबु र आमा अनसुया देवीको कोखबाट सन् १९४१ नोभेम्बर १४ का दिन सप्तरीको साविक मलेठ गाउँ विकास समितिको वडा नं ६ स्थित गढीयागाउँमा जन्मनुभएका इतिहासविद् दासको श्रीमती विद्यादेवी दास, दुई छोरी अर्चना, अञ्जली र एक छोरा सन्दीप छन् ।

मैथिली साहित्य परिषद् र चित्रगुप्त सेवा समितिको अध्यक्षको जिम्मेवारी सम्हालिसक्नुभएका दासले मिथिला क्षेत्रमा रहेका ऐतिहासिकस्थल तथा पुरातात्विक महत्वका स्थलहरुको संरक्षण संवर्द्धनमा सदैव जोड दिनुभयो । दासको अन्तिम संस्कार पैतृकगाउँ गढियामा आज गरिने उहाँकी श्रीमती विद्यादेवीले जानकारी दिए ।


अब धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईंको सेवामा तत्पर छौं ।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी

सप्तकोशी डेन्टल क्लिनिक

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्क: ९८४११५१५८३ र ९८१७३०९४४७

चौदण्डी नगरपालिकाको अनुरोध

- नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
- व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवाह रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर बनाउन आफ्नो घरबाट उत्पादन हुने फोहोर आफै तह लगाऔं , कुहिने फोहोरबाट कम्पोष्ट मल बनाइ ।
- आफनो घर अगाडि ,पछाडिको खाली जगगामा फूलबारी बनाऔ साथै बोट बिरुवा रोपौं ।
- घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
- नगरपालिकालाई बुझाउनु पर्ने सबै किसिमका करहरु समयमै बुझाई नगरको बिकासमा सहयोग पुर्याऔं ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौं ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै बिक्री बितरण समेत नगरौं ।
- सार्वजनिक सम्पत्तिहरुको सबै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं ।
- सभ्य नागरिक बनौं , बन्न सिकाऔं र सभ्य नगरपालिका बनाऔं ।

चौदण्डी नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर




Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment



Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com

# तिलाठी कोइलाडीमा आगलागीबाट करिब ६ लाखको क्षति

सप्तरी / तिलाठी कोइलाडी गाउँपालिका(३ मा आगलागी हुँदा करिब ६ लाख बराबरको धनमाल जलेर नष्ट भएको छ। सकरपुरा बस्ने महन्थी मुखिया लगायत २ जनाको घरमा मंगलबार दिउँसो आगलागी हुँदा करिब ५ लाख ९० हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ। स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## प्रदेश २ मा जनै पूर्णिमामा सार्वजनिक बिदा

जनकपुरधाम / प्रदेश नम्बर २ सरकारले आज सार्वजनिक बिदा दिएको छ। बुधवार प्रेस विज्ञप्ति जारी गरी 'जनै पूर्णिमाको शुभकामनाका साथै साउन ३० गते बिहीवार सार्वजनिक बिदा' दिने निर्णय गरेको उल्लेख गरेको हो। बिहिबार हिन्दु धर्मावलम्बीहरूको पर्व रक्षाबन्धन परेकाले प्रदेश २ सरकारले सार्वजनिक बिदा दिने निर्णय गरेको हो।



## कञ्चनरुप नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रवसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-वेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफ्नो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफ्नो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौं ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुर्याऔं ।
– आफना चौपायहरू जथाभावी छाडा नछाडौं ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
– सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं ।
– सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**कञ्चनरुप नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**


## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरु:**
यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

**बिशेषज्ञ डाक्टर**
डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




## जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०



## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरू**
OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

**सम्पर्क स्थान**
N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोट: आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

**हाम्रा उपलब्ध सेवाहरु**
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा




## फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७